# सांस्कृतिक संस्थान

(नेपाल सरकारको पूर्ण स्वामित्व)
जमल, काठमाडौं, नेपाल

## तिहार पर्वको शुभकामना

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको देश भएकाले अनेकतामा एकताको सूत्रमा बाँध्न सांस्कृतिक चाडपर्वको प्रमुख भूमिका रहन्छ । संस्कृतिलाई जीवन्त राख्ने माध्यम पनि चाडपर्व हुन् । चाडपर्वसँग जोडिएका किंवदन्तीले मानव जीवनलाई हितकर प्रेरणादायक सन्देश सम्प्रेषण गर्दछन् । प्राचीनकालदेखि चाडपर्वले समाजलाई सत्मार्ग तर्फ डोर्‍याउँदै ल्याएको छ ।

तिहार नेपालीहरूको महान् सांस्कृतिक चाड हो । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मको अवधि तिहार हो । पाँच दिनसम्म मनाइने भएकाले यस पर्वलाई यमपञ्चक पनि भनिन्छ । किंवदन्ती अनुसार यमराजले बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको पाँच दिनलाई यमपञ्चक भनिएको हो । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्रण गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको पवित्र स्नेहरूपी सम्बन्धलाई चित्रण गर्दछ । यमपञ्चकमा क्रमशः काग तिहार, कुकुर तिहार, गाई तिहार, लक्ष्मी पूजा, गोवर्द्धन पूजा र भाइटीका पर्दछन् । नेपाल कृषि प्रधान देश भएकाले तिहार पर्वको सांस्कृतिक पक्ष कृषिसँग जोडिएको पाइन्छ । तिहार पर्वको सेरोफेरोमा अन्न भित्र्याउने समयको आगमन सुरु हुनेहुँदा कृषकमा खुशी-उमङ्ग छाएको हुन्छ । यस अवसरमा अन्न धेरै प्राप्ति होस् भनी धनकी देवी लक्ष्मीको पूजा आराधना गर्ने प्रचलन छ ।

भाइटीका तिहारको अन्तिम दिन विशेष उत्साहका साथ मनाइन्छ । भाइटीकामा दिदीबहिनीले दाजुभाइलाई विशेष मान-सम्मानका साथ विधिपूर्वक पूजा गर्ने, दाजुभाइको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दै सप्तरङ्गी टीका र मखमली तथा सयपत्रीको माला लगाइदिने, मिष्ठान्न भोजन खुवाउने र दाजुभाइले दिदीबहिनीलाई आफ्नो गच्छेअनुसारको दान-दक्षिणा दिने प्राचीनकालदेखि नै सांस्कृतिक परम्परा रहेको छ । तिहारको पर्वको विशेष आकर्षण देउसी-भैलो पनि हो । लक्ष्मी पूजाको दिन केटीहरूले भैली खेल्ने र त्यसको भोलिपल्टदेखि केटाहरूले देउसी खेल्ने सांस्कृतिक परम्परा भए पनि हाल सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै केटाकेटीले सामूहिक रूपमा देउसी-भैली खेल्ने प्रचलन छ ।

डिजिटल युग र वैश्वीकरणको प्रभावले चाडपर्वमा विकृतिसँगै आधुनिकताको नाममा चाडपर्वको मौलिकता सङ्कटमा पर्न थालेको छ । चाडपर्वका सभ्य परम्परालाई शिरोपर गर्दै कुप्रथालाई जरैदेखि निर्मूलन गरी सांस्कृतिक चाडपर्वको गरिमा नयाँ पुस्तामाझ सम्प्रेषण गर्नु आजको आवश्यकता हो । मौलिक सांस्कृतिक चाडपर्वहरूको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारको ज्येष्ठ निकाय सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ । यस पर्वले नेपालीहरू बीच आपसी सद्भाव तथा राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्नुका साथै हरेक विषम परिस्थितिको सामना गर्ने ऊर्जा प्रदान गर्न सकोस् भन्ने शुभेच्छा सहित **तिहार पर्व २०८२** को शुभकामना व्यक्त गर्दछु ।

**३ कार्तिक २०८२**
**ने.सं.११४५ कौलागा चतुर्दशी**

**किरण बाबु पुन**
**महाप्रबन्धक**
महाप्रबन्धक

फोन नं.: ०१-५३२११९४/५३२४७६०
इमेल : sanskritiksansthan@nepal.gov.np | वेभसाइट : www.sanskritiksansthan.gov.np